# एभरेष्ट बैंक लिमिटेडको २८ औं बार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट):

१. **सभाको काम कारवाही:**

मिति २०७९ साल मंङसिर २ गते बसेको एभरेष्ट बैंक लिमिटेडको संचालक समितिको ३४६ औं बैठकले निर्णय गरे अनुसार २८ औं बार्षिक साधारण सभा गर्न निम्न मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल गरी निर्णय गर्न संचालक समितिका अध्यक्ष श्री बिष्णु कृष्ण श्रेष्ठ ज्यूको सभापतित्वमा सम्पन्न भएको यस साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) देहाय बमोजिम छ ।

२. **सभाको मिति, समय र स्थान:**

मिति: २०७९ साल मंङसिर २६ गते सोमबार तदनुसार १२ डिसेम्बर, २०२२

समय: बिहान ११:०० बजे

स्थान: लैनचौर ब्यांक्वेट, लैनचौर काठमाडौं ।

३. **सभाको सूचना र सूचना प्रकाशन मिति:**

कम्पनी ऐन, २०६३ को ६७(२) बमोजिम २८ औं बार्षिक साधारण सभा गर्नका लागि सभा हुने मिति, स्थान र छलफल गर्ने बिषय समेत खोली २०७९ साल मंङसिर ३ गतेको नागरिक राष्ट्रिय दैनिक तथा २०७९ साल मंङसिर ४ गतेको कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

४. **सभामा उपस्थिति:**

**४.१ संचालक समिति / प्रमुख कार्यकारी अधिकृत:**

| | |
|---|---|
| १) श्री बिष्णु कृष्ण श्रेष्ठ | - अध्यक्ष |
| २) डा. बाल गोपाल बैद्य | - संचालक |
| ३) श्री अरुण मान शेरचन | - संचालक |
| ४) श्री नविन भक्त श्रेष्ठ | - संचालक |
| ५) श्रीमती उर्मिला श्रेष्ठ | - संचालक |
| ६) डा. तारक बहादुर के.सी | - संचालक |
| ७) श्री सुदेश खालिङ | - प्रमुख कार्यकारी अधिकृत |

**४.२ पर्यवेक्षक / पदाधिकारी:**

| | |
|---|---|
| १) श्री रामेश सिंह भण्डारी | - प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| २) श्री योगराज जोशी | - प्रतिनिधि, सि डी एस एण्ड क्लियरिङ लिमिटेड |
| ३) श्री शम्भु थापा | - बरिष्ठ अधिवक्ता, कानूनी सल्लाहकार |
| ४) श्री विजय कुमार शर्मा | - नायब प्रमुख कार्यकारी अधिकृत |
| ५) श्री केशव राज पौडेल | - नायब महाप्रबन्धक |

EVEREST BANK LTD. Head Office Kathmandu

६) श्री आशुतोष शर्मा - नायब महाप्रबन्धक
७) श्री सन्तोष कुमार भट्टराई - सहायक महाप्रबन्धक
८) श्री सुरेश चापागाई - कम्पनी सचिव

४.३ उपस्थित शेयरधनीहरुको संख्या निम्न बमोजिम ९४१ जना रहेको छ ।

| शेयरधनी संख्या | उपस्थित संख्या | स्वयं /प्रतिनिधि /प्रोक्सी मार्फत | VIDEO CONFERENCE (ZOOM) मार्फत उपस्थित |
|---|---|---|---|
| ६०,४२७ | ९४१ | ९४० | १ |

५. <u>सभाको गणपूरक संख्या:</u>

| कुल शेयर संख्या | शेयरधनी संख्या | उपस्थित संख्या | स्वयं /प्रतिनिधि / प्रोक्सी मार्फत | VIDEO CONFERENCE (ZOOM) मार्फत उपस्थित | उपस्थिति (शेयर) प्रतिनिधित्व | शेयरको प्रतिनिधित्व (%) |
|---|---|---|---|---|---|---|
| ९,४२,७३,४०२.०९ | ६०,४२७ | ९४१ | ९४० | १ | ५,६९,३९,८५६ | ६०.१४% |

६. <u>सभाको वैधानिकता:</u>

कुनै पनि साधारण सभा सम्पन्न हुनु भन्दा अगावै सभामा उपस्थित शेयरधनीहरुले सो साधारण सभाको वैधानिकता यकिन गर्न पर्ने हुँदा कम्पनी सचिवले निम्न अनुसार शेयरधनीहरुलाई अवगत गराउनु भयो ।

(क) कम्पनी ऐन, २०६३ र यस एभरेष्ट बैंक लिमिटेडको नियमावलीमा भएका प्रावधानहरु बमोजिम रीतपूर्वकको सूचना जारी तथा प्रकाशित गरि आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र नै यो साधारण सभा बोलाईएको थियो । बार्षिक साधारण सभाको सूचना २०७९ साल मंङसिर ३ गतेको नागरिक राष्ट्रिय दैनिक तथा २०७९ साल मंङसिर ४ गतेको कारोबार राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

(ख) कम्पनी ऐन, २०६३ को दफा ६९ र यस एभरेष्ट बैंक लिमिटेडको नियमावलीमा गरिएका व्यवस्थाहरु बमोजिम यो साधारण सभाको लागि माथिको बुँदा नं ५ मा उल्लेखित तालिका बमोजिमको उपस्थितिले आवश्यक गणपूरक संख्या समेत पुगेको र सभामा उपस्थित सबै शेयरधनी महानुभावहरु मतदान गर्न योग्य भएको बैंकका कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

उपरोक्त अनुसारको जानकारी उपर शेयरधनी महानुभावहरुबाट रीतपूर्वक भएको भनी संतोष व्यक्त गरियो र यस साधारण सभा सम्बन्धि कारवाही आगाडि बढाउन अनुरोध गरियो ।

EVEREST BANK LTD. Head Office Kathmandu

७. <u>सभाको सभापतित्व र सभा संचालन:</u>

कम्पनी सचिव श्री सुरेश चापागाईले बैंकका उपस्थित संचालकहरुको परिचय गराउदै बैंकको प्रबन्धपत्र/नियमावली अनुसार साधारण सभाको सभापतित्व बैंकको संचालक समिति अध्यक्ष श्री बिष्णु कृष्ण श्रेष्ठ ज्यूले गर्नु हुने व्यहोरा सभामा जानकरी गराउनु भयो। अध्यक्ष श्री बिष्णु कृष्ण श्रेष्ठ ज्यूको स्वास्थ्यका कारणले लामो समय सम्म सभामा भाग लिन असमर्थ रहेकोले निजको अनुपस्थितीमा यस बैंकका संचालक डा. बाल गोपाल बैद्यको सभापतित्व सभा संचालन हुने र सभाका अन्य काम कारवाहीको आगाडी बढ्ने व्यहोरा जानकारी गराउनु भयो।

तत्पश्चात, सभापति ज्यूको अनुमतिले सभालाई आगाडी बढाउने क्रममा बैंकका कम्पनी सचिव श्री सुरेश चापागाईले सभाको निर्धारित बिषयसूची तथा प्रस्तावहरु पढेर सुनाउनु भयो।

८. <u>सभाको बिषयसूची र प्रस्तावहरु:</u>

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७९ साल आषाढ ३२ गतेको वासलात, सोही मितिमा समाप्त आ.व २०७८/७९ को नाफा नोक्सान तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने।

३. मिति २०७९/०७/१८ मा बसेको संचालक समितिको ३४५ औं बैठकले, शेयरधनीहरुलाई निम्न बमोजिम बोनस शेयर तथा नगद लाभांश प्रदान गर्न सिफारिश गरेकोले सो प्रस्ताव छलफल गरी पारित गर्ने,

**(क)** १3% का दरले बोनस शेयर जारी गर्ने - बिशेष प्रस्ताव

**(ख)** ७.६८% नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्ने गरेको सिफारिशलाई छलफल गरी पारित गर्ने

४. प्रबन्धपत्र संशोधन सम्बन्धि बिशेष प्रस्ताब पारित गर्ने,

<u>अधिकृत, जारी तथा चुक्ता पूँजी बृद्धि:</u>

**(क)** बैंकको अधिकृत पूँजी रु. १००० करोडबाट बृद्धि गरि रु. १५०० पुर्याउने भएकोले सोही बमोजिम संशोधन गर्ने।

**(ख)** बैंकले मिति २०६४/०३/२० मा २० लाख कित्ता ७% Convertible Preference Share Convertible जारी गरेकोमा विवरणपत्र बमोजिम बाँडफाँड गरेको मितिले ३-३ बर्षमा २० प्रतिशत शेयर साधारण शेयरमा परिणत गर्नुपर्ने शर्त बमोजिम मिति २०६७/०६/२७ मा प्रथम पटक, मिति २०७०/०६/३१ मा दोश्रो पटक, २०७३/०६/३० मा तेश्रो पटक, २०७६/०६/०९ मा चौथो पटक परिणत भई पुनः मिति २०७९/०६/१३ मा बाँकी ४ लाख कित्ता पाँचौ तथा अन्तिम पटक साधारण शेयरमा परिणत भए पश्चात पूँजी बृद्धि हुने भएकोले सोही बमोजिम संशोधन गर्ने।

**(ग)** बैंकले प्रस्तावित बोनस शेयर जारी भए पश्चात पूँजी बृद्धि हुने भएकोले सोही बमोजिम सम्सोधन गर्ने।

५. आ.ब २०७९/८० को लागि लेखापरीकक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने।

६. विविध

EVEREST BANK LTD.
Head Office
Kathmandu

९. **संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन:**

निर्धारित बिषय सूची १ मा उल्लेख भए बमोजिमको संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन प्रस्तुत गर्ने क्रममा बार्षिक प्रतिवेदन शेयरधनीहरुलाई प्राप्त भईसकेको कारणले अनावश्क पुनरावृत्ति नहोस भन्ने उद्धेश्य एवं समयको बचतका लागी सभापति ज्यूले सभालाई निम्न बमोजिम जानकारी गराउनु भयो ।

अध्यक्ष ज्यूले आफ्नो स्वास्थ्य प्रतिकुल रहेता पनि बैंक स्वस्थ रहेको र वर्तमान परिस्थितिमा पनि राम्रो प्रगति गरेको जानकारी सभालाई गराउनु भयो । हालसम्म बैंकको वित्तीय सूचकहरु सकारात्मक रहेको र आगामी दिनहरुमा अझ प्रगति गर्नु पर्नेमा जोड दिनु भयो । विगत दुई बर्षमा COVID-19 महामारी, डेंगु, रुस/युक्रेन युद्धले गर्दा बैंक लगायत समग्र अर्थतन्त्रमा नकारात्मक असर परेको बताउनु भयो । विद्‌यमान तरलताको संकटले गर्दा अर्थतन्त्र नाजुक अवस्थामा रहेकोले बैंकको ऋण असुलीमा समेत समस्या रहेको धारणा व्यक्त गर्नु भयो ।

हालको कठिन अवस्थामा पनि बैंकले शेयरधनिहरुलाई राम्रो प्रतिफल दिएको र आगामी दिनहरुमा पनि राम्रै प्रतिफल दिने प्रतिबद्धता व्यक्त गर्नु भयो । मन्तब्य कै क्रममा अध्यक्ष ज्यूले एभरेष्ट बैंक लिमिटेडले पहिलो पटक नेपाली नागरिकलाई प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेकोले उहाँको नेतृत्वमा बैंकले व्यवसाय विस्तार गरि थप उचाईमा पुग्नेमा आशावादी रहेको धारणा व्यक्त गर्नु भयो ।

अध्यक्ष ज्यूको मन्तब्य पश्चात बैंकका प्रमुख कार्यकारी श्री सुदेश खालिङ ज्यू निम्न बमोजिम थप जानकारी गराउनु भयो ।

आयात बढेको कारणले हाल बैंकमा मौजुद निक्षेप र विदेशी मुद्रा घटेको भएपनि वर्तमान संकटको स्थितीमा पनि बैंकको निक्षेप ९% ले वृद्धि भएको सभा समक्ष जानकारी गराउनु भयो । अघिल्लो आर्थिक बर्षमा बैंकको कर्जा वृद्धि दर २७% रहेकोमा गत आर्थिक बर्षमा १४% रहेको छ ।

COVID-19 महामारी पश्चात बैंकहरुले Digital कारोबार बढाई Cyber Security तर्फ बिशेष ध्यान दिएको छ र यस बैंकले समेत विभिन्न माध्यम बाट Digital कारोबार बढाई Cyber Security लाई मजबुत बनाएको छ । तसर्थ, ग्राहक महानुभावहरुलाई निर्धक्क भएर बैंकमा कारोबार गर्न आग्रह गर्नु भयो ।

विगत दुई वर्षको अवधिमा बैंकले दुई दर्जन शाखा विस्तार गरेको छ र नयाँ शाखाहरु पाँच देखि नौ महिनाको अवधिमा नाफामा आउने गरेका छन् । हाल यस बैंकको नेपाल भरि १२३ वटा शाखा रहेको र अझै शाखा विस्तार गर्ने योजना रहेको जानकारी गराउनु भयो ।

ग्राहक महानुभावहरुलाई उत्कृष्ट सेवा दिन र गुनासो समाधान गर्ने उदेश्यले बैंकले Customer Care Unit स्थापना गरिएको छ । Capital Adequacy Ratio (CAR) मा हाल बैंकलाई समस्या छैन । हाल प्रस्तावित नगद लाभांश वितरण गरे पश्चात पनि ११% Capital Adequacy Ratio (CAR) कायम राख्न सकिन्छ ।

EVEREST BANK LTD.
Head Office
Kathmandu

नेपाल राष्ट्र बैंकले Counter Cyclical Buffer लागु गरे पश्चात Capital Adequacy Ratio (CAR) कायम गर्न चाप पर्ने भएकोले बैंकले ऋणपत्र निष्काशन गर्नु पर्ने हुन सक्छ भन्ने धारणा सभा समक्ष राख्नु भयो ।

१०. <u>छलफलका लागि आह्वान</u>:

तत्पश्चात सभापति ज्यूको आज्ञा अनुसार कम्पनी सचिव श्री सुरेश चापागाईले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए आफ्नो विचार मन्तब्य प्रकट गरी दिनु हुन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष बार्षिक प्रतिवेदन लगायत वासलात तथा नाफा नोक्सान हिसाबमा छलफल गर्न आह्वान गर्नु भयो ।

आफ्नो मन्तब्यको क्रममा सम्पूर्ण शेयरधनी महानुभावहरुले समयमै साधारण सभा गरेकोमा धन्यवाद दिँदै शेयरधनीरुलाई १३% बोनस शेयर र ७.६८% नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्ने सिफारिश गरेकोमा हर्षित रहेको जानकारी गराउनु भयो ।

शेयरधनी महानुभावहरुले समकक्षी बैंकको तुलनामा हाम्रो पूँजी कम रहेकोले पूँजी वृद्धि गर्नु पर्ने सुझाब दिनु भयो । मन्तब्य कै क्रममा शेयरधनी महानुभावहरुले एभरेष्ट बैंक लिमिटेड अन्य बैंक तथा वित्तीय संस्थासँग मर्जर वा प्राप्ति गर्नु पर्छ भन्ने सुझाब दिनु भयो ।

शेयरधनी महानुभावहरुले बैंकको पूँजीको आधार अझ बढाउनु पर्छ र व्यापार व्यवसाय बढाउन बैंकको शाखा नरहेको स्थानमा शाखा विस्तार गर्दै जानु पर्ने सुझाब दिनु भयो ।

शेयरधनी महानुभावहरुले बैंकले हासिल गरेको सफलता र उचाईलाई कायम राख्दै शेयरधनीहरुलाई आगामी बर्ष यस बर्षको तुलनामा धेरै बोनस शेयर र नगद लाभांश प्रदान गरिने छ भन्ने आकांक्षा ब्यक्त गर्नु भयो ।

साथै, सेवाग्राहीहरुलाई राम्रो सेवा दिनु भएकोमा संचालक समिति र व्यवस्थापनलाई धन्यवाद दिनु भयो ।

अधिकांश शेयरधनी महानुभावहरुले संचालक समितिले नयाँ प्रमुख कार्यकारी अधिकृत नियुक्त गरेकोमा बधाई दिनु भयो र आगामी दिनमा एभरेष्ट बैंक लिमिटेड र संयुक्त साझेदार पन्जाब नेशनल बैंक बिच सम्पन्न भएको प्रविधिक सेवा सम्झौता (Technical Service Agreement) लाई पुनरावलोकन गर्न समेत सुझाब दिनु भयो ।

२८ औं बार्षिक साधारण सभामा निम्न बमोजिमका वक्ताहरुले आफ्नो राय, सल्लाह र सुझावहरु पेश गर्नु भएको थियो :

१. श्री ब्यास कुमार शर्मा
२. श्री सत्रुघन श्रेष्ठ
३. श्री सुदीप श्रेष्ठ

EVEREST BANK LTD. Head Office Kathmandu

४. श्री कुबेर बहादुर श्रेष्ठ
५. श्री ब्रह्मदेव शाक्य
६. श्री लवराज जोशी
७. श्री अशोक उप्रेती
८. श्री गुणराज भट्ट
९. श्री उद्धब प्रसाद घिमिरे
१०. श्री भक्ति प्रसाद उप्रेती
११. श्री बैजुनाथ रौनियार
१२. श्री कृष्ण प्रसाद अधिकारी
१३. श्री डमरु बल्लभ घिमिरे

**प्रमुख कार्यकारी अधिकृत ज्यूबाट प्रत्युत्तर:**

प्रमुख कार्यकारी अधिकृत श्री सुदेश खालिङ ज्यूले शेयरधनी महानुभावहरुले बैंकको बार्षिक प्रतिवेदन तथा हरहिसाब उपरको छलफलमा सक्रिय रुपमा प्रभावकारी तवरबाट धैर्य धारण गरी सहभागी हुनु भएकोमा धन्यवाद दिनु भयो र सभामा उठेका जिज्ञासा, सोधनी तथा माग गरिएका प्रष्टिकरण सम्बन्धमा निम्नानुसार जवाफ दिनु भयो :

शेयरधनी महानुभावहरुबाट व्यक्त मन्तब्य, जिज्ञासा, सल्लाह, सुझाब तथा प्रतिक्रियाहरुलाई सकारात्मक रुपमा ग्रहण गर्ने र सम्भव भएसम्म सल्लाह तथा सुझाबहरुलाई लागू गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नु भयो ।

हालको अवस्थामा अर्थतन्त्रले पार्ने असरलाई न्युनीकरण गर्दै शेयरधनीहरुलाई अधिक प्रतिफल दिन बैंक संचालक समिति र बैंक व्यवस्थापन अथक रुपमा प्रयासरत रहेको जानकारी गराउनु भयो । बैंकले पूँजी बढाए पछि सोही अनुसार शेयरधनीहरुलाई प्रतिफल दिनु पर्छ र लगानी गर्दा Non-Performing Account (NPA) वृद्धि नहुने गरि गर्नु पर्छ ।

बैंकको कार्य शैली र योजना बारे थप स्पष्टोक्ति दिंदै बैंकले गर्ने मुनाफा मध्ये सम्पूर्ण रकमलाई एकै पटक रित्याउने कार्य बैंकले नगरी Reserve लाई बलियो बनाउने तर्फ ध्यान दिईरहेको हुन्छ । साथै, Reserve मा जम्मा भएको रकम पनि शेयरधनी महानुभावहरुकै सम्पति रहेको तथ्य सभा समक्ष जानकारी गराउनु भयो ।

प्रमुख कार्यकारी अधिकृत ज्यूले हाल बैंकको प्रगति राम्रो रहेको सभालाई बताउनु भयो । विगतमा एभरेष्ट बैंक लिमिटेड अन्य बैंक तथा वित्तीय संस्थासँग मर्जर वा प्राप्तिमा जानको लागि प्रयासरत रहेको तर ती प्रयासहरु सफल नभएको जानकारी गराउनु भयो । राम्रो, सक्षम र सबल बैंक तथा वित्तीय संस्था पाएको खण्डमा मर्जर वा प्राप्तिमा जान सकिने तर तत्काल मर्जर वा प्राप्तिमा जाने कुनै योजना नरहेको तथ्य समेत सभा समक्ष जानकारी गराउनु भयो ।

EVEREST BANK LTD. Head Office Kathmandu

बैंकले आफ्नो शाखा बिस्तारलाई निरन्तरता दिई रहेको र हाल निर्माणको क्रममा रहेका शाखा संचालन आए पश्चात अन्य नयाँ स्थानमा बैंकको शाखा संजाल विस्तार गरिने छ ।

सम्पूर्ण शेयरधनी महानुभावहरुबाट प्राप्त सल्लाह र सुझाबको उच्च सम्मान गर्दै आगामी दिनहरुमा समेत निरन्तर सहयोग, सल्लाह र सुझाबको अपेक्षाका साथ सभामा प्रस्ताव गरिएका बिषयहरुलाई सर्वसम्मत पारित गरी दिनको लागि प्रमुख कार्यकारी अधिकृत श्री सुदेश खालिङ्ले अनुरोध गर्नु भयो ।

**११. सभाको निर्णयहरु:**

१. निर्धारित बिषय सूची नं. १ अनुसार संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन अनुमोदनका लागि पेश हुँदा सर्वसम्मतिबाट अनुमोदन गरियो ।

२. निर्धारित बिषय सूची नं. २ अनुसार लेखापरीकक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७९ साल आषाढ ३२ गतेको वासलात, सोही मितिमा समाप्त २०७८/७९ को नाफा नोक्सान हिसाव तथा सोही अवधि नगद प्रवाह बिबरण छलफल गरी पारित गर्ने प्रस्ताव पेश हुँदा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. निर्धारित बिषय सूची नं. ३ अनुसार मिति २०७९/०७/१८ मा बसेको संचालक समितिको ३४५ औं बैठकले, शेयरधनीहरुलाई हालको चुक्ता पूँजीको १३% का दरले हुने रु. १,२३,०७,५४,२२७/- बराबरको बोनस शेयर र ७.६८% का दरले हुने रु. ७२,७४,९०,३५३/- बराबरको नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिशलाई छलफल गरि पारित गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

४. निर्धारित बिषय सूची नं. ४ अनुसार प्रबन्धपत्रको दफा ५(क), ५(ख) र ५(ग) मा देहाय बमोजिमको संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**बैंकको प्रबन्धपत्रको दफा ५(क), ५(ख) र ५(ग) मा संशोधन**

| हाल भईरहेको व्यवस्था | संशोधन पश्चात हुने व्यवस्था |
|---|---|
| **५(क)**<br>बैंकको अधिकृत पूँजी रू. १०,००,००,००,०००/- (अक्षरेपी: दश अर्ब रूपैया) हुने छ । | **५(क)**<br>बैंकको अधिकृत पूँजी रू. १५,००,००,००,०००/- (अक्षरेपी: पन्ध्र अर्ब रूपैया) हुने छ । |
| **५(ख)**<br>बैंकको तत्काल जारी पूँजी रू. ९,४२,७३,४०,२०९/- (अक्षरेपी: नौ अर्ब बयालिस करोड त्रिहत्तर लाख चालिस हजार दुई सय नौ रूपैया) हुने छ । | **५(ख)**<br>बैंकको तत्काल जारी पूँजी रू. १०,६९,८०,९४,४३६/- (अक्षरेपी: दश अर्ब उनान्सत्तरी करोड असी लाख चौरानब्बे हजार चार सय छत्तीस रूपैया) हुने छ । |
| **५(ग)**<br>बैंकको तत्काल चुक्ता पूँजी रू. रू. ९,४२,७३,४०,२०९/- | **५(ग)**<br>बैंकको तत्काल चुक्ता पूँजी रू. १०,६९,८०,९४,४३६/- |

| | |
|---|---|
| (अक्षरेपी: नौ अर्ब बयालिस करोड त्रिहत्तर लाख चालिस हजार दुई सय नौ रूपैया) हुने छ । | (अक्षरेपी: दश अर्ब उनान्सत्तरी करोड असी लाख चौरानब्बे हजार चार सय छत्तीस रूपैया) हुने छ । |

५. निर्धारित बिषय सूची नं. ५ अनुसार आ.ब २०७९/८० को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्तावका सम्बन्धमा बैंकको लेखापरीक्षण समिति र संचालक समितिले तीन जना लेखापरीक्षकको नाम साधारण सभामा नियुक्ति लागि सिफारिश गरे बमोजिम **N. Amatya & Company, Chartered Accountants** लाई लेखापरीक्षकमा नियुक्त गर्ने र पारिश्रमिकको हकमा जम्मा रु. ९,२५,०००/- (अक्षरेपी नौ लाख पच्चीस हजार रुपैयाँ ) र सो मा लाग्ने कर समेत प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

**१२. धन्यवाद ज्ञापन:**

सभापति ज्यूले अपेक्षा गरिए भन्दा धेरै संख्यामा शेयरधनी महानुभावहरु अत्याधिक जोश, जाँगर, उत्साह र उमंगका साथ साधरण सभामा भाग लिई साधरण सभामा सक्रिय रुपमा छलफलमा संलग्न भई सफलता पुर्वक सुसम्पन्न गर्नु भएकोमा शेयरधनी महानुभावहरुका साथै सम्बन्धित सबैलाई धन्यवाद दिनु भयो ।

**१३. सभा विसर्जन:**

अन्तमा सभाका लागि प्रस्तुत सम्पूर्ण बिषय सूची उपर छलफल तथा निर्णय भएकोले उपस्थित शेयरधनी महानुभावहरु लगायत सबैलाई धन्यवाद दिनु हुँदै सभापति ज्यूले अपरान्ह १: २९ बजे सभा विसर्जन गर्नु भयो ।

..........................

**सुरेश चापागाईं**
**कम्पनी सचिव**

EVEREST BANK LTD.
Head Office
Kathmandu

..........................

**डा. बाल गोपाल बैद्य**
**सभापति**

मिति: २०७९/०९/२८